# प्रेस विज्ञप्ति

## काठमाडौंको दक्षिणकाली नगरपालिकास्थित श्री चम्पादेवी माध्यमिक विद्यालयको पुनर्निर्माण कार्य सुरु

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत श्री सुशील ज्ञवाली, भारतीय राजदूतावासको प्रेस, सूचना तथा संस्कृत विभागका प्रमुख श्री नवीन कुमार तथा दक्षिणकाली नगरपालिकाका मेयरले काठमाडौंको दक्षिणकाली नगरपालिकास्थित श्री चम्पादेवी माध्यमिक विद्यालयको पुनर्निर्माण कार्यका लागि संयुक्त रुपमा भूमि पूजन कार्यक्रमको शुभारम्भ गर्नुभयो । उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि एवम् स्थानीय समुदाय सदस्यहरुको उपस्थिति थियो ।

२. शिक्षाको क्षेत्रमा भारत सरकारको आर्थिक सहयोगमा पुनर्निर्माण हुने यो ६६ औं विद्यालय हो । नेपालका ८ जिल्लामा कूल ७१ शैक्षिक संस्थाहरुको पुनर्निर्माण हेतु भारत सरकारले ५० मिलियन अमेरिकी डलर आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । यो बाहेक स्वास्थ्य, सांस्कृतिक सम्पदा र आवासका क्षेत्रमा पुनर्निर्माण परियोजनाका लागि भारतले थप २० करोड आर्थिक सहयोग गर्ने प्रतिबद्धता पनि गरिसकेको छ ।

३. नेरु. ६ करोड ८५ लाखको लागतमा पुनर्निर्माण हुन लागेको यस चम्पादेवी माध्यमिक विद्यालय नेपाल सरकारले निर्धारण गरेको भूकम्प प्रतिरोधी मापदण्ड अनुरुप निर्माण हुनेछ । नवनिर्मित संरचनामा दुइवटा ब्लकहरु रहनेछन् जसमा १३ वटा कक्षा कोठा, अभ्यास कक्ष,

प्रशासनिक कक्ष, पुस्तकालय, साथै प्रत्येक तल्लामा छात्र तथा छात्राका लागि छुट्टै सरसफाई संरचना रहनेछन् । यी विद्यालयहरुको निर्माणका लागि केन्द्रीय भवन अनुसन्धान संस्थान (सीबीआरआई), रुड्कीले प्राविधिक सहयोग प्रदान गर्नेछ । केन्द्रीय भवन अनुसन्धान संस्थान (सीबीआरआई) भूकम्प प्रतिरोधी पुनर्निर्माण क्षेत्रमा भारतकै शीर्ष संस्थानमा पर्दछ ।

४. २०७२ सालको विनाशकारी भूकम्पले क्षति पुऱ्याएका ११ जिल्लाका २८ वटा सांस्कृतिक सम्पदाको पुनर्स्थापना तथा सबलीकरण र १४७ वटा स्वास्थ्य भवनको निर्माणका लागि भारतीय राजदूतावासले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग मिलेर काम गरिरहेको छ ।

काठमाडौं, नेपाल

२०७७ फाल्गुन १२